# स्वामीकार्तिक खापर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ८ मितिः २०७७/०३/१७

## भाग-२

## स्वामीकार्तिक खापर गाउँपालिका

## खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७

# खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७

## प्रस्तावना

नेपालको संविधान २०७२ को भाग ३, धारा ३५ को उपधारा ४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गाउँपालिकाको जलस्रोत ऐन २०७६ ले आफ्नो क्षेत्रभित्रका नागरिकहरुलाई खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनको लागि स्थानीय तहहरुलाई प्रदत्त कानूनी भूमिका र जिम्मेवारीलाई मनन गर्दै, सबैको लागि स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधा उपलब्ध गराउनुका साथै पानीको उपयोग मार्फत गरिने जीवीकोपार्जनका प्रयासहरुबाट आफ्नो क्षेत्रभित्रका नागरिकहरुको स्वास्थ्य अवस्थामामा सुधार ल्याउने स्वामीकार्तिक खापर गाउँपालिकाको लक्ष रहेको छ ।

दिगो विकास लक्ष (लक्ष नं. ६) बमोजिम सन् २०३० भित्रमा सबैको लागि खानेपानी, सरसफाइ तथा स्वच्छा (वास) सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्ने कुरामा गाउँपालिका प्रतिवद्ध रहदै खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधाको दिगोपना लाई आधारभूत मानव अधिकारको रुपमा स्वीकार गर्दछ । खानेपानी सरसफाइ तथा स्वच्छता (वास) सेवाहरु निरन्तर रुपमा प्राप्त भईरहने, भेदभावरहित तथा आर्थिक एवम् प्राविधिक रुपले सबैको सहज पहुँचयोग्य हुनु अनिवार्य छ । खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवाहरु समानतामा आधारित विभेदरहित, सहभागितामूलक, सूचनामूलक तथा उत्तरदायित्वमूलक भए मात्र मानव अधिकारको मर्म वमोजिम भएको मानिन्छ ।

यसर्थः खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) को दिगो व्यवस्थापन प्रयोजनको लागि स्वामीकार्तिक खापर गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११, उपदफा २ को खण्ड 'ध' र 'झ' बमोजिम सोही ऐनको परिच्छेद १५, दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **"खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन निर्देशिका २०७७"** तयार पारी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क. यस निर्देशिकाको नाम "खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन निर्देशिका, २०७७" रहनेछ ।

ख. यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क. "गाउँसभा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले ब्याख्या गरे बमोजिमको "गाउँ सभालाई जनाउँछ ।

ख. "वडा" भन्नाले गाउँपालिकाको वडालाई जनाउँछ ।

ग. "वडा अध्यक्ष" भन्नाले गाउँपालिको वडा अध्यक्षलाई जनाउँछ ।

घ. "वडा समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमको वडा समितिलाई जनाउँछ ।

ङ. "वडा कार्यालय" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमको वडा कार्यालयलाई जनाउँछ ।

च. "योजना" भन्नाले खानेपानी तथा सरसफाइ योजनालाई जनाउँछ ।

छ. "उपभोक्ता समिति" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जनाउँछ ।

ज. "मर्मत सम्भार कार्यकर्ता" भन्नाले खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त प्राविधिकलाई जनाउँछ ।

झ. "धारा समूह" भन्नाले खानेपानी धाराको पानीको उचित प्रयोग, धाराको सामान्य मर्मत सम्भार र धारा समुदायमा सरसफाइ तथा स्वच्छता व्यव्स्थापनको लागि सम्बन्धित धाराका उपभोक्ता घरधुरी मध्येवाट गठित महिलाहरुको समूहलाई जनाउँछ ।

ञ. "उपभोक्ता" भन्नाले योजना निर्माणमा योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम धारावाट पानी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ ।

ट. "मर्मत सम्भार कार्ययोजना" भन्नाले योजनाको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

ठ. "खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले तयार पार्ने "खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधिलाई जनाउँछ ।

ड. "खानेपानी सुरक्षा योजना" भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलु स्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषण (जोखिम) को सम्भावनालाई अग्रीम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

ढ. "सहकारी संस्था" भन्नाले गाउँपालिका अन्तर्गत कृयाशील सहकारी संस्थालाई जनाउँछ ।

ण. "आमभेला" भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ७५% घरहरुवाट प्रतिनिधित्व भएको भेलालाई जनाउँछ ।

त. "खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति" भन्नाले गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि गाउँपालिका अन्तर्गत गठन गरिने खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति (WASH Management Board) लाई जनाउँछ ।

थ. "खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको सचिवालय" भन्नाले खानेपानी व्यवस्थापन समितिको सचिवालयलाई जनाउँछ ।

द. "खानेपानी, तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल" भन्नाले गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको गाउँपालिका स्तरीय सञ्जाल जनाउँछ ।

ध. "सरसफाइ तथा स्वच्छता" भन्नाले नेपाल सरकारले तोकेको पूर्ण सरसफाइका सूचकहरु पूर्ण भएको अवस्थालाई जनाउँछ ।

न. "मर्यादित महिनावारी व्यवस्थापन" भन्नाले महिनावारी भएको समयमा सुरक्षित स्थानमा बस्ने, पोषणयुक्त खानेकुराहरु खाने, सरसफाइ तथा स्वच्छताका सुविधाहरु एवम् सामाजिक कार्यहरुमा विना भेदभाव सहभागि हुन पाउने अवस्थालाई जनाउँछ ।

# परिच्छेद २

## खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको व्यवस्था

३. खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको नीति, योजना तथा बजेट तर्जुमा, समन्वय, कार्यान्वन, अनुगमन तथा प्रतिवेदन कार्यको नेतृत्व गर्ने कार्यमाा नेतृत्वदायी भुमिका निर्वाह गर्नको लागि गाउँपालिका स्तरमा खानेपानी सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति रहनेछ ।

४. खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको संरचना निम्न बमोजिम हुनेछ ।

क) अध्यक्षः चिरन्जीवी शाही

ख) सदस्यः मिमा वुढा

ग) सदस्यः जनक रोकाया

घ) सदस्यः विरजीत कटेल

ङ) सदस्यः नानी लुवार

च) सदस्यः ज्ञानी शाही

छ) सदस्य सचिवः बन्धु विक्रम शाही

५. **खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार**

**क. समिति स्थापना भए लगत्तै गर्नुपर्ने काम, कर्तव्य र अधिकारहरु निम्न बमोजिम हुनेछन् :**

अ) गाउँपालिकाको वास क्षेत्रको दीर्घकालीन योजना (आवधिक योजना), मध्यमकालिन योजना (वार्षिक योजना) तर्जुमा गर्ने तथा आवश्यक भएमा जलउपयोग गुरुयोजनामा तय गरिएको परिदृष्य समीक्षा तथा संसोधन गर्ने,

आ) गाउँपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरु तर्जुमा गर्ने गरी लक्ष तय गर्ने (जस्तै : मर्यादित महिनावारी  व्यवस्थापन निर्देशिका, पूर्ण सरसफाई निर्देशिका, विद्यालय वास निर्देशिका, खानेपानी सुरक्षा योजना निर्देशिका, फोहरमैला व्यवस्थापन निर्देशिका आदि),

इ) गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता कोष स्थापना गर्ने, विभिन्न दातृ निकायहरुलाई कोषमा योगदान गर्न प्रोत्साहित गर्ने तथा कोषको उपयोगको वार्षिक सार्वजनिक सुनुवाई तथा पारदर्शी सार्वजनिक सूचना जारी गर्ने व्यवस्था मिलाउने,

ई) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको सचिवालयको रुपमा समेत काम गर्ने गरी आवश्यकता बमोजिम प्राविधिक, सामाजिक तथा प्रशासनीक कर्मचारी सहितको (कम्तिमा एक जना प्राविधिक तथा एक जना सामाजिक सहजकर्ता) गाउँपालिका वास इकाई स्थापना गर्ने,

उ) वास क्षेत्रको निर्णय  प्रकृयामा सहजताको लागि गाउँपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको, वार्षिक रुपमा अद्यावधिक गर्ने प्रयोजन सहित गाउँपालिका स्तरीय वास सूचना प्रणाली स्थापना गर्ने,

ऊ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्यूनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरुलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने,

ए) विद्यमान सबै खानेपानी तथा सरसफाइ योजनाका उपभोक्ता समितिहरुलाई गाउँकार्यपालिकाको कार्यालयमा दर्ता गर्ने तथा नियमित रुपमा बार्षिक नवीकरण गर्ने व्यवस्था मिलाउने,

ऐ) गाउँपालिकाभित्र रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरुको विवरण तयार पार्ने ।

**ख. समितिका नियमित काम, कर्तव्य र अधिकारहरु निम्न बमोजिम हुनेछन् :**

अ) नीति निर्माण, योजना तथा बजेट तर्जुमा गर्दा वडा तथा गाउँ कार्यपालिकासँग समन्वय कायम गर्ने,

आ) गाउँपालिकास्तरीय आवधिक योजना तर्जुमा, वास योजनाहरु तथा बजेट तर्जुमा तथा जलउपयोग गुरुयोजना अद्यावधिक कार्यमा योगदान गर्ने,

इ) जलस्रोत क्षेत्रको योजना तर्जुमा तथा नीति निर्माणमा विज्ञ सेवा व्यवस्थापन गर्ने,

ई) सार्वजनिक, संस्थागत, विद्यालय तथा स्वास्थ्य सेवाहरु लक्षित सरसफाइको योजना तर्जुमा गर्ने तथा बजेट व्यवस्थापन गर्ने,

उ) वि.सं. २०८३ भित्रमा गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणा गर्ने गरी पूर्ण सरसफाइ सम्बन्धी योजना तर्जुमा गर्ने, वार्षिक कार्यक्रम तथा अभियानहरु तय गर्ने एवम् सो का लागि बजेट व्यवस्थापन गर्ने,

ऊ) स्वामीकार्तिक खापर गाउँपालिका भित्रमा गाउँपालिकालाई मर्यादित महिनावारी व्यवस्थापन युक्त गाउँपालिका घोषणा गर्ने गरी मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी योजना तर्जुमा गर्ने, वार्षिक कार्यक्रम तथा अभियानहरु तय गर्ने एवम् सो का लागि बजेट व्यवस्थापन गर्ने,

ए) खानेपानी तथा सरसफाइ योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ठ कार्य गर्ने उपभोक्ता समितिहरुलाई पुरस्कृत गर्ने तथा निष्कृय उपभोक्ता समितिहरुलाई रकम विनियोजन नगर्ने,

ऐ) गाउँपालिकाभित्र रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरुसंग आवश्यक समन्वय र सहकार्यको गर्ने,

ओ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको जोखिम पहिचान तथा बिश्लेषण गारि पूर्व तयारी तथा जोखिम न्युनीकरण योजना तयार पारी कार्यान्वयन गर्ने ।

औ) तर्जुमा गरिएका कृयाकलापहरुको कार्यान्वयन, सुपरीवेक्षण तथा अनुगमन गर्ने,

६. **बैठकः** समितिको बैठक मासिक रुपमा वा आवश्यकता अनुसार बस्नेछ । समितिका सम्पूर्ण सदस्यहरुको सामान्य बहुमत संख्या बैठकको लागि गणपुरक संख्या हुनेछ ।

# परिच्छेद ३

## खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईको व्यवस्था

७. खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्ने र समितिको सचिवालयको रुपमा काम गर्ने गरी एक वास इकाई स्थापना हुनेछ ।

८. गाउँकार्यपालि कार्यालयले एकजना स्थायी कर्मचारी इकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक तथा एकजना सामाजिक कर्मचारी सहितको वास इकाईमा वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी/अस्थायी कर्मचारीहरु रहनेछन् ।

९. गाउँपालिका वास इकाईको भूमिका तथा जिम्मेवारी निम्न अनुसार हुनेछः

क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन लगायतका कार्यक्रमहरु कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायकहरु, स्वयंसेवकहरु, वाल, क्लवहरु, आमा समूहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

ख) गाउँपालिकाको वास क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलव्ध गराउने,

ग) उपभोक्ता समितिहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने, प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन, पुनर्गठन, गाउँकार्यपालिका कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न गाउँ कार्यसमितिमा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

छ) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

ज) वास क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

झ) आपतकालिन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने,

ट) खानेपानी व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

# परिच्छेद ४

## वडा कार्यालयहरुको भूमिका तथा जिम्मेवारी

१०. गाउँपालिकाका वडा कार्यालयहरु उपभोक्ता समितिहरुको सम्पर्क विन्दूको रुपमा रहनेछन् र खानेपानी तथा सरसफाइ योजनाको सञ्चालन तथा व्यवस्थापन अवस्थाको प्रतिवेदन वडा कार्यालयमा पेश गर्नेछन् ।

११. वडा कार्यालयहरुले वास इकाईसँग समन्वय तथा सहकार्य गरी सबै उपभोक्ता समितिहरु दर्ता भएको र गाउँपालिकास्तरीय सूचना प्रणालीमा आवद्ध भएको सुनिश्चित गर्नेछन् । यस प्रकृयामा वडा भित्रका हालसम्म खानेपानीको सेवा पुग्न नसकेका घरधुरीहरुको विवरण समेत योजना तर्जुमा एवम् जलउपयोग गुरुयोजना अद्यावधिक प्रयोजनको लागि वास व्यवस्थापन समितिमा पेश गर्नेछन् ।

१२. वडा कार्यालयले उपभोक्ता समितिहरुले पेश गरेको अद्यावधिक वास विवरणको विश्लेषष गरी योजनाहरुमा आवश्यक पर्ने सहयोगको लागि वास इकाई पेश गर्नेछ र सो विवरण व्यवस्थापन समितिले गाउँ कार्यपालिकामा पेश गर्नेछ । यसरी कार्यक्रम प्रस्ताव गर्दा वडा कार्यालयहरुले उक्त कार्यक्रमहरु टोल तथा वडास्तरीय योजना तर्जुमा बैठकहरुमा छलफल भएको सुनिश्चित गनेछन् ।

१३. वडाभित्रका खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार अवस्थाको वडा समितिका सदस्यहरुले नियमित रुपमा अनुगमन गर्नेछन् । वडा अध्यक्ष तथा वडा सदस्यहरु सम्भव भएसम्म उपभोक्ता समितिहरुको बार्षिक साधारण सभा तथा बैठकहरुमा सहभागि भई आवश्यक मार्गनिर्देशन प्रदान गर्नेछन् ।

१४. हरेक वडामा एउटा र गाउँपालिकास्तरमा एउटा खानेपानी तथा सरसफाइ योजनालाई खानेपानी, सरसफाइ तथा स्वच्छताको उत्कृष्ट व्यवस्थापन गरे बापत वार्षिक कार्यसम्पादन अंकको आधारमा गाउँसभामा तोकिए बमोजिमको नगद पुरस्कारको व्यवस्था हुनेछ । उक्त पुरस्कारको राशी उपभोक्ता समितिले समितिको सञ्चालन तथा मर्मत सम्भार कोषमा जम्मा गर्नेछ ।

१५. सम्बन्धित वडाहरुमा रहेका खानेपानी तथा सरसफाइ योजनाकहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनको अवस्था विश्लेषण गरी उत्कृष्ट व्यवस्थापन गर्ने वडालाई पुरस्कार स्वरुप वास क्षेत्रको बजेट थप गर्न सकिनेछ । कार्यसम्पादनमा कमजोर वडाहरुको अवस्था सुधारको लागि वास इकाईले क्षमता विकासका कार्यक्रम तर्जुमा गर्नेछ ।

# परिच्छेद ५

## उपभोक्ता समिति तथा योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धी व्यवस्था

१६. **दर्ता तथा नवीकरण :** गाउँपालिका भित्र विद्यमान रहेका सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गाउँपालिकाको जलस्रोत ऐन, बमोजिम दर्ता गरिनेछन् । हरेक वर्ष म्याद सकिएको ३५ दिन भित्र वार्षिक साधारणा सभा तथा सार्वजनीक परिक्षणको प्रतिवदेन पेश भएपछि उपभोक्ता समितिहरु नवीकरण गरिनेछन् । गाउँपालिकामा दर्ता तथा नवीकरण नगरिएका उपभोक्ता समितिहरुले गाउँपालिकाबाट आर्थिक सहयोग प्राप्त गर्ने छैनन् । दर्ता तथा नवीकरण शुल्क तोकिए बमोजिम हुनेछ ।

१७. **संरचना :** उपभोक्ता समिति गठन तथा परिचालन गर्दा लोकतान्त्रिक सिद्धान्तहरु र समितिको संरचना लैङ्गिक समानता एवम् जातीय समुदायहरुको समानुपातिक प्रतिनिधित्व लक्षित हुनेछ ।

१८. **बैठक :** निर्माण पश्चातको चरणमा उपभोक्ता समितिको बैठक कम्तिमा दुई महिनाको एकपटक बस्नेछ । वडा समिति सदस्यहरुले उपयुक्त तवरले उपभोक्ता समितिको बैठकमा आतिथ्यता ग्रहण गर्नेछन् । हरेक बैठकमा सञ्चालन तथा मर्मत सम्भार कोषको अवस्था अद्यावधिक गरिनेछ ।

१९. **बार्षिक साधारण सभा:** हरेक वर्ष उपभोक्ता समितिहरुले सबै उपभोक्ता घरधुरीहरुलाई सहभागि गराई बार्षिक साधारण सभा गर्नेछन् । उक्त सभाले खानेपानी तथा सरसफाइ योजनाको बार्षिक प्रगती तथा आर्थिक प्रतिवेदन पारित गर्नेछन् । उपभोक्ता समितिको निर्वाचन पनि यसै भेलाले गर्नेछ । यस भेलाको निर्णय तथा सार्वजनिक परिक्षण प्रतिवेदन वडा कार्यालय मार्फत गाउँपालिका वास इकाईमा पेश गरिनेछ ।

२०. **महिला धारा समूह गठन तथा परिचालन :** साना खाले मर्मत सम्भार, सरसफाइ व्यवस्थापन, घरबारी व्यवस्थापनको निरन्तरता लगायतका कार्यहरुलाई निरन्तरता दिनको लागि हरेक सार्वजनिक धाराका महिला उपभोक्ताहरु सहभागितामा महिला धारा समूह गठन गरि परिचालन गरिनेछ । महिला धारा समूहको बैठक नियमित रुपमा बसी खानेपानी तथा सरसफाइ योजनाको अवस्था, धाराको सरसफाइ, आवश्यक मर्मत सम्भार तथा घरबारी व्यवस्थापनको विषयमा छलफल हुनेछ ।

२१. **पूर्ण सरसफाइ :** शौचालयको नियमित प्रयोग, चाङ्ग, फोहर फाल्ने खाडल, खेर गएको पानीको सदुपयोग, सुधारिएको चुल्हो, हात धुने स्थान लगायतका संरचनाहरु निर्माण, प्रयोग, तथा पूर्ण सरसफाइका सबै सुचकहरु पुरा गर्नका लागि उपभोक्ताहरुलाई परिचालित तथा प्रोत्साहित गर्नेछ ।

२२. **मर्यादित महिनावारी व्यवस्थापन :** महिलाहरु महिनावारी भएको समयमा धारा र चर्पी प्रयोग एवम् महिनावारीको समयमा हुने अन्य विभेदहरुको विरुद्धमा विभिन्न चेतनामूलक अभियान सञ्चालन गर्नेछ ।

२३. **बातावरणीय सरसफाइ :** उपभोक्ता समितिले सबै घरधुरीहरुलाई खेर गएको पानीको उचित व्यवस्थापनको लागि पानी संकलन पोखरीहरु निर्माण गर्ने तथा उक्त पानीलाई करेसाबारीमा प्रयोग गर्न प्रेरित गर्नेछ । खेर गएको पानीको उचित व्यवस्थापन नगरी वातावरण प्रदुषित गर्ने तथा सडक वा बाटो फोहर गर्ने घरधुरीलाई दण्डित गर्ने अधिकार समेत उपभोक्ता समितिलाई रहेको छ ।

२४. **सरसफाइ तथा स्वच्छता अवस्थाको अनुगमन :** उपभोक्ता समितिले नियमित रुपमा व्यक्तिगत सरसफाइ, हातधुने अभ्यास, स्यानीटरी प्याडको प्रयोगको अवस्था लगायत घरेलु तथा वातावरणीय सरसफाइको अनुगमन गर्नेछ । सरसफाइ तथा स्वच्छता अवस्थाको प्रतिवेदन तथा कार्ययोजना वार्षिक साधारण सभामा पेश गरिनेछ ।

२५. **दस्तावेजीकरण :** उपभोक्ता समितिले लेखा सम्बन्धी दस्तावेज, योजनाको सम्झौता तथा डिजाइन प्रतिवेदन, उपभोक्ता समितिको निर्णय पुस्तिका, योजना खाता, आगन्तुक पुस्तिका, निर्माण सामाग्रीहरुको जिन्सी खाता, जगेडा पार्टपुर्जा, सामग्री तथा औजारहरुको अभिलेख दुरुस्त एवम् सुरक्षित रुपमा राख्नेछ ।

२६. **प्रतिवेदन :** उपभोक्ता समितिले हरेक आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिभित्र खानेपानी तथा सरसफाइ योजनाको भौतिक अवस्था सम्बन्धी प्रतिवेदन वडा कार्यालयमा पेश गर्नेछ र त्यसको बेधार्थ खानेपानी तथा सरसफाई उपभोक्ता समिति सञ्जाल तथा आवद्ध भएको सहकारी संस्थामा पेश गर्नेछ । यस्तो प्रतिवेदनमा गाउँपालिका स्तरीय सूचना व्यवस्थापन प्रणालीमा भएका जानकारीहरु समावेश हुनेछन् । कुनै प्रकारको आपतकालिन मर्मत सम्भार, सेवा विस्तार तथा अन्य आवश्यक सहयोगका विषयहरु समेत प्रतिवेदनमा समावेश हुनेछन् । वडा कार्यालयले प्रतिवेदन संग्रह गरी गाउँपालिका वास इकाईमा पेश गर्नेछ । यदि वास व्यवस्थापन समिति वा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालले विषेश रुपमा ध्यान दिनुपर्ने कुनै विषय भएमा समेत यस प्रतिवेदनमा समावेश गरिनेछ ।

२७. **पानीको सदुपयोग :** उपभोक्ता समितिले उपलव्ध पानीको अधिकतम सदुपयोग गर्ने गरी पानी उपयोगको पद्धति स्थापना गर्नेछ । अनावश्यक रुपमा पानीको भण्डारण गर्ने, धाराहरु खुल्ला छोड्ने तथा खानेपानीको धाराबाट आउने पानी खेतबारीमा प्रयोग गर्ने कुरालाई निरुत्साहित गरिनेछ । विवाह लगायतका विषेश सामाजिक अवसरहरुमा उपभोक्ता समितिले अतिरिक्त शुल्क लिई वा नलिई अधिक पानी उपयोग गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

२८. **श्रोत तथा संरचना संरक्षण :** उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ योजनाको दिगो व्यवस्थापनका लागि इन्टेक/श्रोत संरक्षण, जलाधार क्षेत्र संरक्षण, इन्टेक क्षेत्रको सरसफाइ व्यववस्थापन, पानी पुनर्भरण, योजनाका अन्य संरचना संरक्षण, बृक्षारोपण, वातावरण संरक्षण तथा पहिरो नियन्त्रण सम्बन्धि कृयाकलापहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नेछ ।

२९. **पानीको गुणस्तर व्यवस्थापन :** वितरित पानीलाई सुरक्षित गर्नको लागि प्रत्येक खानेपानी तथा सरसफाइ योजनामा तोकिएका ढाँचामा खानेपानी सुरक्षा योजना तयार गरी लागू गर्नेछ । गाउँपालिकाले पानीको गुणस्तर जाँच गर्नको लागि गाउँपालिकामा पानी परिक्षण प्रयोगशाला स्थापना गरी न्यूनतम शुल्कमा पानी परिक्षणको सेवा प्रदान गर्नेछ ।

३०. **पानी महशुल :** खानेपानी तथा सरसफाइ योजना निर्माणको समयमा नगद तथा श्रम योगदान नगर्ने वा नयाँ बसाइ सरी आउने घरधुरीलाइ उपभोक्ता समितिले तोकिएको शुल्क लिई खानेपानी उपभोक्तामा सहभागि गराउनेछ । नीजि धारा भएका योजनाको हकमा धारा जडान गरिदिनेछ । यस्तो शुल्क निर्धारण गर्दा योजना निर्माण गर्दा अन्य घरधुरीले गरेको नगद तथा श्रमलगानीको परिमाणलाई आधार बनाइनेछ । हरेक उपभोक्ता समितिले मासिक रुपमा पानी उपभोग गरेबापत पानी महशुल निर्धारण गर्नेछन् । यसरी पानी महशुल निर्धारण गर्दा योजनाको सञ्चालन खर्च तथा नियमित मर्मत सम्भार खर्च उठ्ने गरी निर्धारण गर्नुपर्दछ ।

३१. **सुविधास्तर सुधार तथा विस्तार :** वास व्यवस्थापन समितिको स्वीकृती तथा गाउँपालिका वास इकाईको प्राविधिक सहयोगमा सार्वजनिक धारा भएका खानेपानी तथा सरसफाइ योजनाहरुलाई नीजि धारा प्रणालीमा स्तरोन्नती गर्न सकिनेछ । योजनाको प्राविधिक पक्षलाई मनन गरी सार्वजनिक धारा भएका योजनाबाट नीजि धारा जडान गर्न पाइने छैन ।

३२. **मर्मत सम्भार कार्यकर्ता** :खानेपानी तथा सरसफाइ योजनाको नियमित सञ्चालन तथा मर्मत सम्भार प्रयोजनको लागि योजनामा कम्तिमा एकजना तालिमप्राप्त मर्मत सम्भार कार्यकर्ता नियुक्त गरी काममा लगाउनेछ । यस्तो मर्मत सम्भार कार्यकर्ता स्थानीय तथा बसाई सरी जाने सम्भावना कम भएको हुनुपर्दछ । महिला तथा पिछडिएको वर्गको व्यक्तिलाई मर्मत सम्भार कार्यकर्ता नियुक्त गर्दा विषेश प्राथमीकता दिइनेछ । उपभोक्ता समितिले मर्मत सम्भार कार्यकर्तालाई नियुक्ती पत्र तथा कामको विवरण समेत उपलव्ध गराई काममा लगाउनेछ ।

३३. **खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधिः** खानेपानी तथा सरसफाइ योजनाको सञ्चालन तथा मर्मत सम्भार र सरसफाइ तथा स्वच्छता व्यवस्थापनलाई नियमन गर्न प्रत्येक खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि तयार पारी लागु गर्नेछ । कार्यविधिको नमुना अनुसुचि १ बमोजिम हुनेछ ।

३४. **प्राविधिक सहयोग :** उपभोक्ता समितिले गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईबाट आवश्यक प्राविधिक सहयोग हासिल गर्नेछ । यसका अतिरिक्त वास व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले खानेपानी तथा सरसफाइ योजनाको ठूलो मर्मत लगायतका कार्यमा आर्थिक सहयोग समेत गर्नेछ । तर यस्तो सहयोग प्राप्त गर्नको लागि उपभोक्ता समितिहरुले योजनामा निम्न बमोजिमको न्यूनतम मापदण्ड कायम

गरेको हुनुपर्नेछ । न्यूनतम मापदण्ड कायम नगर्ने योजनाहरुलाई गाउँ कार्यपालिकाले कुनै सहयोग उपलब्ध गराउनेछैन ।

क. उपभोक्ता समितिले खोपानी सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरेको तथा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि कार्यान्वयन गरेको हुनुपर्ने,

ख. उपभोक्ता समिति गाउँपालिकामा दर्ता भै बार्षिक रुपमा नियमित नवीकरण भएको,

ग. उपभोक्ता समितिको आफ्नो सञ्चालन तथा मर्मत सम्भार कोष भएको र नियमित रुपमा पानी महशुल उठाउने गरेको,

घ. उपभोक्ता समितिले औजारहरु तथा जगेडा पार्टपूर्जाहरुको व्यवस्था गरेको,

ङ उपभोक्ता समितिले मर्मत सम्भार कार्यकर्ता नियुक्त गरी परिचालन गरेको,

च. उपभोक्ता समितिले बार्षिक साधारण सभा गरी खर्च तथा कार्यक्रमहरुको सार्वजनिक परिक्षण नियमित रुपमा गर्ने गरेको,

छ. उपभोक्ता समितिले लेखापालन तथा भण्डार श्रेष्ता दुरुस्त राखेको ।

# परिच्छेद ६

## खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल सम्बन्धी व्यवस्था

३५. गाउँपालिका क्षेत्रभित्रका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको सहभागितामा गाउँपालिकास्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता समति सञ्जाल गठन गरिनेछ । गाउँपालिका वास इकाइले सञ्जाल गठनमा सहजीकरण गर्नेछ । यस्तो सञ्जाल कुनै राजनितिक दलसँग आवद्ध नभएको तथा गाउँपालिकाको कर्मचारीको सम्बद्धता नभएको हुनेछ । सञ्जालको संरचना वास व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

३६. गाउँपालिका भित्र रहेका सबै उपभोक्ता समितिहरु अनिवार्य रुपमा यस सञ्जालको सदस्य हुनेछन्, सदस्यता तथा नवीकरण शुल्क तोकिए बमोजिम हुनेछ । सबै सदस्यहरुको सहभागितामा बर्षको एक पटक साधारण सभा गरी सञ्जाल कार्यसमितिको निर्वाचन गर्ने तथा गाउँपालिकालाई नीतिगत पृष्ठपोषण दिनेछ ।

३७. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालको काम, कर्तव्य र जिम्मेवारी

क) सञ्जालका प्राथमीक जिम्मेवारीहरु:

- खानेपानी तथा सरसफाइ योजनाको सञ्चालन तथा मर्मत सम्भार लगायतका विषयहरुमा सवाल तथा समस्याहरु पहिचान गरी वास व्यवस्थापन समिति, गाउँ कार्यपालिका र गाउँसभामा सो को समाधानको लागि उपभोक्ताहरुको तर्फबाट पैरबी गर्ने,
- सदस्य उपभोक्ता समितिहरुको दर्ता तथा नवीकरण एवम् सञ्चालन तथा भौतिक अवस्था अद्यावधिक गर्ने कार्यमा सहजीकरण गर्ने,
- गाउँपालिकास्तरमा वास सूचना प्रणाली स्थापना तथा अद्यावधिक गर्नको लागि वास व्यवस्थापन समितिलाई सहयोग गर्ने,
- योजनाहरुको अनुगमन तथा मूल्यांकन गर्ने कार्यमा वास व्यवस्थापन समितिलाई सहयोग तथा सहजीकरण गर्ने,
- नियमित रुपमा सञ्जालको बैठक बसी योजना मर्मत सम्भारका समस्याहरुको बारेमा छलफल गरी समाधान निकाल्ने तथा असल अभ्यासहरुको वारेमा छलफल गरी अन्य योजनामा समेत लागू गर्ने,

ख) सञ्जालका अन्य जिम्मेवारीहरु (समय तथा स्रोतको आधारमा):

- खानेपानी तथा सरसफाइ योजना सञ्चालन तथा मर्मत सम्भारका सवालहरुमा दातृ निकाय तथा अन्य सरेकारवाला निकायमा पैरबी गर्ने,
- उपभोक्ता समितिलाई भरपर्दो सहकारीमा आवद्ध हुन प्रोत्साहित गर्ने,
- सबै उपभोक्ता समितिहरुको वार्षिक साधारण सभा भएको तथा उपभोक्ता समितिहरु सकृय भएको सुनिश्चित गर्ने,
- वास व्यवस्थापन समितिले आयोजना गरेको कार्यक्रमहरुमा सकृय सहभागि हुने तथा सदस्य उपभोक्ता समितिहरुलाई सहभागि हुन लगाउने,

## परिच्छेद ७

### खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सहकारीमा आवद्धता सम्बन्धी व्यवस्था

३८. सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई गाउँपालिकामा रहेको विश्वासिलो सहकारीको शेयर सदस्य भई आफ्नो सञ्चालन तथा मर्मत सम्भार कोष सहकारीमा निक्षेप जम्मा राख्न प्रोत्साहित गरिनेछ ।

३९. उपभोक्ता समितिले सहकारीबाट योजनाको ठूलो वा आकस्मिक मर्मत कार्यमा आर्थिक सहयोग खोज्न सक्नेछन् । उपभोक्ता समितिहरुले योजनाको ठूलो मर्मत, सेवा विस्तार लगायतका कार्यमा सहकारीबाट सुलभ व्याजदरमा कर्जा लिन सक्नेछन् र पानी महशुलबाट उक्त कर्जा फिर्ता गर्नेछन् ।

४०. सहकारीले उपभोक्ता समितिलाई आर्थिक व्यवस्थापन, लेखा व्यवस्थापन तथा साधारण सभाको आर्थिक प्रतिवेदन तयारी लगायतका विषयमा आवश्यकता अनुसार सहयोग गर्न सक्नेछन् ।

४१. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सदस्य हुने सहकारी संस्थाहरुलाई मर्मत सम्भार कल्याण कोष स्थापनाको लागि प्रोत्साहित गरिनेछ जसमा खुद मुनाफाको निश्चित अंश उक्त कोषमा जम्मा गर्ने प्रावधान संस्थाको विनियममा उल्लेख गर्न प्रेरित गरिनेछ । यस्तो रकम दैवी विपत्तीबाट योजनामा क्षती हुन गएमा यस बापत भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ । सहयोगको प्रकार तथा परिमाण सहकारीको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

४२. यदि वडा वा गाउँपालिकामा भरपर्दो सहकारी नभएको अवस्थामा उपभोक्ता समिति आफैले कार्यविधि बनाई सञ्चालन तथा मर्मत सम्भार कोष उपभोक्ताहरुको बीचमा जीविकोपार्जनका क्रियाकलापहरुमा लघुकर्जाको रुपमा परिचालन गर्न सक्नेछ ।

## परिच्छेद ८

### दिगो विकास लक्ष हासिलको प्रतिवद्धता

४३. **गाउँ कार्यपालिका दिगो विकास लक्ष नं. ६ हासिल गर्न निम्न कुरामा प्रतिवद्ध छ :**

- सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने
- सबैका लागि पर्याप्त तथा समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने
- पानी तथा सरसफाइ व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउन

४४. **गाउँ कार्यपालिका दिगो विकास लक्ष नं. ५ हासिल गर्न निम्न कुरामा प्रतिवद्ध छ :**

- ओसारपसार तथा यौनशोषण लगायत सार्वजनिक तथा निजी क्षेत्रहरूमा सबै महिला तथा महिला तथा किशोरीबिरुद्ध हुने सबै प्रकारका हिंसाको उन्मूलन गर्ने
- राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने
- सबै तहमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरणको प्रवर्द्धनका लागि नीति तथा कानुनहरूको अवलम्बन गर्ने र तिनलाई सबल बनाउने

४५. **गाउँ कार्यपालिका दिगो विकास लक्ष नं. १० हासिल गर्न निम्न कुरामा प्रतिवद्ध छ :**

- उमेर, लिङ्ग, अपाङ्गता, जातीयता, उत्पत्ति, धर्म वा आर्थिक वा अन्य हैसियत जेसुकै भए तापनि सबैका लागि सामाजिक तथा राजनीतिक समावेशितालाई प्रवर्द्धन गरी त्यसलाई सशक्त पार्ने

# परिच्छेद ९

## विविध

४६. **बिशेषाधिकार :** यस निर्देशिकामा भएका दफाहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

४७. **निर्देशिकाको कार्यान्वयन तथा पालना :** गाउँसभाका सबै जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति तथा सम्बद्ध सबैले यो निर्देशिकाको पूर्ण पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

४८. **निष्कृयता :** यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्रचलित कानूनसंग बाझिएमा, बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ । सहकारी संस्था नभएको हकमा सहकारी संग सम्बन्धित प्रावधानहरु निष्कृय रहनेछन ।

# अनुसुचि १ः खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि को नमुना

.................................................................................................. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

.................................................................................................................................................................

## खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना**

......................................................... योजनाको मर्मत सम्भार, दिगो सञ्चालन र लाभान्वित समुदामा सरसफाइ तथा स्वच्छता व्यवस्थापनकोलागि ........................ गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन निर्देशिकाको परिच्छेद ५ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी, मिति ............. मा .............. घरको प्रतिनिधित्व गर्दै (जम्मा लाभान्वित घरसंख्या .........).......... महिला र ............ पुरुष सहभागी भई वसेको आमभेलावाट पारित गरी यो कार्यविधि लागु गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम “उपभोक्ता समितिको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि, २०७.......” रहनेछ ।

ख. यो कार्यविधि मिति ........................ (आमभेलावाट पारित भएको मिति) वाट लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. “समिति” भन्नाले ......................खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जनाउँछ ।

ख. “मर्मत सम्भार कार्यकर्ता” भन्नाले यस योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त प्राविधिकलाई जनाउँछ ।

ग. “महिला धारा समूह” भन्नाले धाराको पानीको उचित प्रयोग तथा धाराको सामान्य मर्मत सम्भारको लागि सम्बन्धित धाराका उपभोक्ता घरधुरीमध्येवाट गठित महिलाहरुको समूहलाई जनाउँछ ।

घ “उपभोक्ता” भन्नाले योजना निर्माणमा समेत योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजनामा निर्माणमा सहभागि नभै निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम समावेश भएको व्यक्तिलाई जनाउँछ ।

ङ. “मर्मत सम्भार कार्ययोजना” भन्नाले योजनाको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

च. “खानेपानी सुरक्षा योजना” भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलुस्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषणको सम्भावना (जोखिम) लाई अग्रीम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

छ. “आमभेला” भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ७५ प्रतिशत घरहरुवाट प्रतिनिधित्व भएको तथा जम्मा उपस्थित संख्याको कम्तिमा ५०% महिला सहभागि भएको भेलालाई जनाउँछ ।

ज. ‘‘सरसफाइ तथा स्वच्छता’’ भन्नाले नेपाल सरकारले तोकेको पूर्ण सरसफाइका सूचकहरु पूर्ण भएको अवस्थालाई जनाउँछ ।

झ. ‘‘मर्यादित महिनावारी व्यवस्थापन’’ भन्नाले महिनावारी भएको समयमा सुरक्षित स्थानमा बस्ने, पोषणयुक्त खानेकुराहरु खाने, सरसफाइ तथा स्वच्छताका सुविधाहरु एवम् सामाजिक कार्यहरुमा विना भेदभाव सहभागि हुन पाउने अवस्थालाई जनाउँछ ।

ञ. ‘‘घरबारी व्यवस्थापन’’ भन्नाले पोषणलाई मख्य रुपमा लक्षित गरी आफ्नो घर वरीपरी भएको सानो जमिनमा तरकारी खेती, मसला खेती, फलफुल खेती र घाँस तथा डाले घाँस रोपण लगाायतका कृयाकलापहरु गरिएको अवस्थालाई जनाउँछ ।

## परिच्छेद २

## समन्वय तथा संस्थागत व्यवस्था

३. **उपभोक्ता समतिको संरचना**: समितिमा जम्मा ....... सदस्यहरु हुनेछन्, जसमा कम्तिमा ५०% महिलाको सहभागिता अनिवार्य गरिएको छ । साथै योजनावाट लाभान्वित भएको सवै क्षेत्र, वर्ग तथा जातीय समुदायवाट समितिमा समानुपातिक प्रतिनिधित्व हुनेछ ।

४. **दर्ता, नवीकरण तथा आवद्धता**: गाउँपालिकाको 'खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७' को प्रावधान अनुसार उपभोक्ता समिति गाउँपालिकामा दर्ता भई नवीकरण हुनेछ । समिति खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल र सहकारीमा समेत आवद्ध हुनेछ ।

५. **बैठक**: समितिको बैठक कम्तिमा प्रत्येक एक/दुई महिनाको .................गते बस्नेछ । सो दिन बैठक बस्न नसक्ने कुनै प्राकृतिक कारण देखिएका त्यसको भोली पल्ट वा समितिले तोके बमोजिम एक हप्ताभित्र बस्नेछ ।

६. **साधारण सभा**: हरेक वर्ष समितिले उपभोक्ता सदस्यहरुलाई सहभागी गराई वार्षिक साधारण सभा आयोजना गर्नेछ । समितिले उक्त साधारण सभामा वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पेश गरी सार्वजनिक परिक्षण गराउनेछ । वार्षिक साधारण सभामा समितिको वार्षिक तथा आर्थिक प्रतिवेदन पेश गर्नुअघि समितिको बैठक वसी छलफल गरिनेछ । बैठकद्वारा पारित गरिएको आर्थिक तथा प्रगती प्रतिवेदन आमभेलामा पेश गरी अनुमोदन गराइनेछ । समितिको निर्वाचन वार्षिक साधारण सभाको माध्यमवाट गरिनेछ ।

७. **खानेपानी सुरक्षा टोली:** खानेपानीको गुणस्तर व्यवस्थापन गर्ा समितिले आम भेलाबाट खानेपानी सुरक्षा टोली गठन गर्नेछ । टोलीमा उपभोक्ता समितिका पदाधिकारीहरु, गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समितिको प्रतिनिधि, मर्मत सम्भार कार्यकर्ता, महिला स्वास्थ्य कार्यकर्ता, शिक्षक, वडा कार्यालय प्राविधिक, उपभोक्ताका प्रतिनिधि समानुपातिकरुपमा समावेश हुनेछन् । टोली संयोजक उपभोक्ता समितिका अध्यक्षले गर्नेछन् ।

८. **महिला धारा समुह**: समितिले सार्वजनिक धारा प्रणालीका खानेपानी योजनाका धाराहरुको उचित सम्भार तथा सामान्य मर्मतको लागि लाभान्वित घरधुरीवाट एक एक जनाको प्रतिनिधित्व हुने गरी महिलाहरुको धारा समूह गठन गर्न सहयोग गर्नेछ । उक्त समूहले पानीको उचित प्रयोग गर्ने, प्रयोग नभएको अवश्थामा धाराहरु वन्द गर्ने, धारा तथा सो को वरिपरि सरसफाई गर्ने, धाराको टुटी विग्रेमा सो को मर्मत गर्ने वासर फेर्ने, योजनाको अन्य सामान्य मर्मत गर्ने तथा घरबारी व्यवस्थापन तथा पूर्ण सरसफाइ प्रबर्द्धनका कार्य गर्नेछ । यसका साथै धारा समूहले पानीको निकास जाने नालीको व्यवस्था गर्ने, डिजाइन भन्दा बढि पानीको उपयोगमा रोक लगाउने तथा पानीको सही सदुपयोग र संरक्षणको सचेतना जगाउने कार्य गर्नेछ । साथै खेर गएको पानी संकलन गरी घरबारी व्यवस्थापनका कार्यहरु गर्नेछ । ।

९. **निर्णय**: सवै बैठक तथा भेलाहरुको निर्णय समितिको निर्णय पुस्तिकामा लेखिनेछ ।

१०. **प्रतिवेदन**: समितिले योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको वार्षिक प्रतिवेदन गाउँपालिकाको 'खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७' को परिच्छेद ५ को दफा २६ बमोजिम हरेक आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिभित्र वडा कार्यालयमा तथा बोधार्थ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल र आवद्ध भएको सहकारी संस्थामा पेश गर्नेछ । वार्षिक साधारण सभाको प्रतिवेदन साधारण सभा भएको एक हप्ता भित्र वडा कार्यालय तथा तथा बोधार्थ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल र आवद्ध भएको सहकारी संस्थामा पेश गर्नेछ । समितिले उक्त निकायहरुलाई योजनाको विषेश अवस्थाको वारेमा प्रतिवेदन दिनु परेमा आवश्यक परेको वेलामा उक्त प्रतिवेदन दिनेछ ।

११. **लेखा व्यवस्थापन तथा दस्तावेजीकरण**: समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कोषको लेखा, निर्माण सामग्री, जगेडा पार्टपुर्जा तथा औजार लगायतका जिन्सी सामग्रीहरुको श्रेस्ता, बैठक निर्णय पुस्तिका, आगन्तुक पुस्तिका लगायतका अन्य खातापाताहरुको व्यवस्थापन चुस्तदुस्त रुपमा गर्नेछ । समितिले तोकेको अवधिमा सार्वजनिक परिक्षण तथा सुनुवाई गर्नु पर्नेछ ।

१२. **समन्वय**: समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कार्यको लागि खानेपानी तथा सरसफाइ उपभोक्ता समति सञ्जालको सक्रिय सदस्यको रुपमा भूमिका निर्वाह गर्नेछ । उपभोक्ता सदस्यहरुलाई कृषि विकास, भूसंरक्षण तथा अन्य प्राविधिक सहयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समति सञ्जाल,  लगायतका अन्य विषयगत कार्यालयहरुसंग नियमित सम्पर्क तथा समन्वय कायम गरी सहयोग प्राप्त गर्ने तर्फ पहल गर्नेछ ।

१३. **आर्थिक तथा प्राविधिक सहयोग**: योजनामा स्थानीय स्तरमा समाधान गर्न नसक्ने गरी समस्या देखा परेमा वडा कार्यालयमा आवश्यक सहयोगार्थ अनुरोध गर्न गर्नेछ ।

## परिच्छेद ३

## योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन

१४. समितिले योजनाको नियमित मर्मत तथा सम्भार गरी योजनावाट प्राप्त हुने नियमित सेवालाई सुनिश्चित गर्नको लागि एक मर्मत सम्भार कार्ययोजना वनाउनेछ । उक्त कार्ययोजना वार्षिक साधारण सभा वा आमभेलाले सिफारिस गरे वमोजिम नियमित रुपमा अद्यावधिक हुनेछ ।

१५. समितिले तयार गरेको सञ्चालन तथा मर्मत सम्भार कार्ययोजनाको सवै उपभोक्ताहरुले पालना गर्नेछन् । उक्त कार्ययोजना यसै कार्यविधिको एक अंशको रुपमा रहनेछ ।

१६. योजना निर्माण पश्चात योजना क्षेत्रमा बाँकी रहन गएका पाईप, फिटीङ्ग, औजार तथा निर्माण सामाग्रीहरुमध्ये भविष्यमा योजनाको मर्मत सम्भार कार्यमा आवश्यक पर्न जाने सामाग्रीहरु समितिले अलग गरी लगत खडा गर्नेछ । अन्य (भविष्यमा मर्मत सम्भारको लागि प्रयोग हुन नसक्ने) सामाग्रीहरु बाँकी रहन गएमा उक्त सामाग्रीहरु समितिले बिक्रि गरी आएको रकम सञ्चालन तथा मर्मत सम्भार कोषमा आम्दानी बाँध्ने वा गाउँपालिकाको निर्णय/निर्देशन वमोजिम अन्य योजनाहरुलाई हस्तान्तरण गर्न सक्नेछ । समितिले कम्तिमा वर्षको एक पटक औजारहरुको अवस्था जाँच गरी आवश्यकता अनुसार नयाँ औजारहरुको व्यवस्थापन गर्नेछ ।

१७. समितिले योजनाको लागि आवश्यक पर्ने सवै औजारहरु समितिले तोकेको सदस्यको मातहतमा रहने गरी सुरक्षित रुपमा भण्डारण गरी राख्ने व्यवस्था मिलाउनेछ । योजना मर्मतको समयमा मर्मत सम्भार कार्यकर्ताले उक्त औजारहरु सम्बन्धित जिम्मेवार व्यक्तिवाट भरपाई गरी वुझिलिई काम सम्पन्न भएपश्चात तुरुन्त भण्डारमा नै दाखिला गर्नुपर्नेछ । लापरवाही गरी औजारहरु हराएमा वा टुटफुट भएमा सम्बन्धित व्यक्तिवाट समितिले सोधभर्ना लिनेछ ।

१८. समितिले टुटफुट भैरहने वा वदलिरहनु पर्ने पार्टपुर्जाहरुको न्यूनतम मौज्दात जगेडा राख्नेछ । खर्च भैसकेपछि यथासक्य चाँडो उक्त पार्टपूर्जाहरुको पूर्ति गरिनेछ । (समितिले धारामा लाग्ने पार्टपूर्जाहरुको रकम समेत उपभोक्तावाट उठाउन सक्नेछ ।)

१९. समितिले योजनाको आवश्यक मर्मत सम्भारको लागि आवश्यक पर्ने पार्टपूर्जाहरु तथा औजारहरु खरिद गर्दा आवश्यक सामाग्रीको सूची तयार गर्नेछ । समितिले प्रचलित खरिद प्रकृया अपनाई उक्त सूची अनुसार निर्धारित गुणस्तर वमोजिमको सामान खरिद गर्नेछ ।

२०. समितिले खानेपानी योजनाका धाराहरुको उचित सम्भार तथा सामान्य मर्मतको लागि लाभान्वित घरधुरीवाट एक एक जनाको प्रतिनिधित्व हुने गरी महिलाहरुको धारा समूह गठन गर्न सहयोग गर्नेछ । उक्त समूहले पानीको उचित प्रयोग गर्ने, प्रयोग नभएको अवश्थामा धाराहरु वन्द गर्ने, धारा तथा सो को वरिपरि सरसफाई गर्ने, धाराको टुटी विग्रेमा सो को मर्मत गर्ने वासर फेर्ने, योजनाको अन्य सामान्य मर्मत गर्ने तथा घरबारी व्यवस्थापन तथा पूर्ण सरसफाइ प्रवर्द्धनका कार्य गर्नेछ । यसका साथै धारा समूहले पानीको निकास जाने नालीको व्यवस्था गर्ने, डिजाइन भन्दा बढि पानीको उपयोगमा रोक लगाउने तथा पानीको सही सदुपयोग र संरक्षणको सचेतना जगाउने कार्य गर्नेछ । साथै खेर गएको पानी संकलन गरी घरबारी व्यवस्थापनका कार्यहरु गर्नेछ ।

२१. अनावश्यक रुपमा पानीको अत्याधिक भण्डारण गर्ने, अरु धाराहरुमा असर पर्ने गरी तरकारी/सिँचाई आदिमा प्रयोग गर्न पाईने छैन । तर विषेश अवस्थामा विवाह/व्रतवन्ध/धार्मिक/साँस्कृतिक कार्यहरुको लागि समितिले अतिरिक्त समयमा रु............शुल्क लिई वा सित्तैमा पानी उपलव्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

२२. जरिवाना: समितिले निम्न अवस्थामा उपभोक्ताहरुवाट जरिवाना उठाउने वा अन्य कार्यवाही गर्न सक्नेछ । यसरी उठेको जरिवाना रकम सञ्चालन तथा मर्मत सम्भार कोषमा जम्मा हुनेछ । समिति र मर्मत सम्भार कार्यकर्ताका साथै धारा समूहहरुले योजनाको सदुपयोग गर्न, टुटफुट हुन नदिनको लागि रेखदेख तथा अनुगमन गर्नेछन् ।

क. धाराको टुटी विग्रेमा धारा समूहले परल मूल्य तिरी समितिवाट धारा टुटी प्राप्त गर्नेछ । विग्रेको दुई दिन भित्र टुटी मर्मत नगरेमा वा नयाँ टुटी नबदलेमा समितिले सो धाराको पानी वन्द गर्न सक्नेछ ।

ख. प्रयोग नभएको अवश्थामा धारा खुल्लै छोडेको पाइएमा पहिलो पटक चेतावनी दिनेछ र पुनः यसो भएको पाइएमा धारा काटिनेछ । काटिएको धारा पुन जडान गर्न धारा समूहले समितिमा आइन्दा यसो नगर्ने प्रतिवद्धता सहित निवेदन दिनुपर्नेछ र समितिले रु. ....... जरिवाना लिई धारा पुनः जडान गरिदिनेछ ।

ग. धाराको टुटीमा पाइप लगाई घरसम्म पानी लैजाने वा टी जडान गर्न पाइनेछैन । कुनै उपभोक्ताले यसो गरेको पाइएमा समितिले पहिलो पटक चेतावनी दिई सो कार्यमा प्रयोग भएको पाइप नियन्त्रणमा लिनेछ । पुनः सो कार्य गरेको पाइएमा धारा काटिनेछ । काटिएको धारा पुन जडान गर्न धारा समूहले समितिमा आइन्दा यसो नगर्ने प्रतिवद्धता सहित निवेदन दिनुपर्नेछ र समितिले रु. ....... जरिवाना लिई धारा पुनः जडान गरिदिनेछ ।

घ. कुनै धारामा उक्त पानीको वहाव नियन्त्रण गर्ने भल्व अनाधिकृत रुपमा चलाई बढि पानी निकालेको पाइएमा वा संरचनाहरुको गेट भल्व लगायत फिटीङ्गस्हरु अनाधिकृत रुपमा चलाएको पाइएमा पहिलोपटक रु........... , दोश्रो पटक रु ............. र तेश्रो पटक रु. ........... जरिवाना गरिनेछ । पटक पटक यस्तो कार्य भएको पाइएमा धारा काटिनेछ । यसरी धारा काटिएमा माथिल्लो उपदफा वमोजिमको प्रकृया अपनाई पुनः जडान गराउन सक्नेछ । यसरी अनाधिकृत रुपमा फिटीङ्गस्हरु चलाउँदा टुटफुट हुन गएमा विगो भराई विगो वरावर थप जरिवाना गरिनेछ ।

ङ. समितिको कार्यक्षेत्र भित्रका व्यक्तिले योजनाका संरचनाहरु, तारवार, पोल, गेट आदि भत्काएमा वा नोक्सानी गरेमा वा पाइपलाइन काटेमा समितिले नोक्सानी भए वरावरको विगो भराइ विगो वरावर थप जरिवाना गर्नेछ ।

च समितिको कार्यक्षेत्र भन्दा वाहिरका व्यक्तिहरुले योजनाको संरचनाहरुमा हानी नोक्सानी पुऱ्याएको पाइएमा समितिले सम्बन्धित गाउँपालिका/अन्य निकायमा उजुरी दिई प्रचलित कानून वमोजिम उक्त नोक्सानीको क्षतीपूर्ति भराई लिनेछ ।

छ. समितिले तयार गरी आमभेलावाट पारित भएको सञ्चालन तथा मर्मत सम्भार कार्ययोजना वमोजिमको जिम्मेवारी सवै सम्बन्धित उपभोक्ताहरुले पालना गर्नुपर्दछ । यदि कसैले उक्त कार्ययोजना पालना नगरेमा वा समितिले आव्हान गरे वमोजिम श्रमदान नगरेमा समितिले प्रतिदिन प्रतिव्यक्ति रु. ......... का दरले जरिवाना असुल गर्नेछ ।

२३. इन्टेक/श्रोत तथा अन्य संरचना संरक्षण

क. समितिले इन्टेक/श्रोत संरक्षण तथा वातावरण संरक्षण गर्ने कार्यलाई प्रवर्द्धन गर्नेछ । विषेशतः प्रयोग भएको श्रोतको जलाधार क्षेत्रको संरक्षणमा विषेश ध्यान दिइनेछ । इन्टेकको नियमित सफाइ गर्ने तथा पानीका श्रोत वरिपरि वृक्षारोपण गर्ने एवं श्रोतको सुरक्षाका लागि श्रोतभन्दा माथिल्लो धरातलमा रहेका घरपरिवारहरुलाई फोहरको सुरक्षित विषर्जन तथा शौचालयको प्रयोग गर्ने र श्रोत वरिपरि सफा राख्नको लागि पहल गर्नेछ ।

ख. समितिले श्रोतमा पानीको बहावलाई कायम राख्न पानी पुनर्भरण सम्बन्धि कृयाकलापहरु प्राथमिकताका साथ गर्नेछ ।

ख. एकपटक पुरिएको पाइपलाइन पुनः धसिने भएकोले समितिले समुदाय परिचालन गरी उक्त पाइपलाइनलाई पुनः पुर्ने र उक्त पाइपलाइन रुटमा घाँस रोप्ने व्यवस्था मिलाउनेछ ।

ग. समितिले पानी पोखरी, सी.सी, डि.सी. तथा अन्य संरचनाहरुको सुरक्षाको लागि टेवा पर्खाल/केतुकी/रम्बाँस आदि स्थानीय प्रजातीका वोटविरुवा लगाउने र तारवारहरुको सुरक्षा गर्ने कार्यमा उपभोक्ताहरुलाई परिचालन गर्नेछ ।

२४. समितिले योजनावाट वितरित पानीलाई सुरक्षित गर्नको लागि सवै उपभोक्ताहरुको सहभागितामा खोपानी सुरक्षा योजना तयार गर्नेछ । उक्त योजना अनुसार जिम्मेवारी पाएका हरेक सदस्य तथा उपभोक्ताले आफ्नो जिम्मेवारी निर्दिष्ट गरिएको समयमा पुरा गर्नुपर्नेछ । समितिले खानेपानी सुरक्षा योजनाको समिक्षा/अनुगमन एवं संशोधन समितिको बैठक तथा आवश्यकता अनुसार आमभेला मार्फत गर्नेछ । समितिले समुदायमा स्वास्थ्यको महत्वको वारेमा जनचेतना जगाउने तथा हात धुने, थापेर ल्याइएको पानीको सुरक्षित किसिमले चलन गर्ने र पानी शुद्धिकरण लगायत खानेपानी सुरक्षा योजनामा उल्लेख भएका अन्य क्रियाकलापहरु सञ्चालनको प्रवर्द्धन गर्नेछ । पानीको गुणस्तर सुनिश्चित गर्न खानेपानी सुरक्षा टोलीले वर्षको कम्तिमा एक पटक पानीको गुणस्तर जाँच प्रयोगशालामा गई पानीको गुणस्तर जाँच गर्नेछ र गुणस्तर कमजोर देखिएमा शुद्धिकरणका आवश्यक कृयाकलापहरु कार्यान्वियन गर्नेछ ।

२५. समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोगको लागि मर्मत सम्भार कार्यकर्ता छनौट गरी तालीमको व्यवस्था मिलाउनेछ । मर्मत सम्भार कार्यकर्ता छनौट गर्दा त्यसका आधारहरु तथा प्रकृयाको वारेमा समुदायलाई जानकारी गराउनेछ र आवश्यकता अनुसार त्यसमा संसोधन गर्नेछ ।

क. मर्मत सम्भार कार्यकर्ता छनौट गर्ने आधारहरु निम्न अनुसार तय गरिएको छ ।

१) स्थानीय तथा उपभोक्ता घरधुरी भित्रको

२) १८ वर्ष पुरा भई ५८ वर्ष उमेर ननाघेको

३) महिला तथा पिछडिएको वर्गलाई प्राथमीकता

४) सामाजिक सेवाको भावना भएको

५) गाउँपालिका वाहिर काममा जाने योजना नभएको

६) ................................

ख. छनौट प्रक्रिया

१) समितिले इच्छुक व्यक्तिको सूची तयार गरी अन्तरवार्ता लिई योग्य व्यक्तिलाई अनुमोदनको लागि आमभेलामा पेश गर्नेछ ।

२) छनौट भएको व्यक्तिको काम गर्ने सम्बन्धी लिखित प्रतिवद्धता लिइनेछ ।

३) तालिमको ब्यवस्था समितिले मिलाउनेछ ।

४) समितिले सेवाका शर्तहरु तथा पारिश्रमिक समेत उल्लेख गरी नियुक्ती पत्र दिएर मात्र मर्मत सम्भार कार्यकर्तालाई काममा लगाउनेछ ।

२६. मर्मत सम्भार कार्यकर्ताको मासिक/वार्षिक पारिश्रमिक रु. ...........(अक्षेरेपी ....................) वा समितिले निर्णय गरे वमोजिम हुनेछ । मर्मत सम्भार कार्यकर्ताको पारिश्रमिक समितिले मात्र भुक्तानी गर्नेछ ।

२७. योजना सञ्चालन तथा मर्मत सम्भारमा मर्मत सम्भार कार्यकर्ताको भूमिका र जिम्मेवारी निम्न अनुसार हुनेछ,

१. समितिको बैठकमा नियमित रुपमा भाग लिई योजनाको अवस्था वारे जानकारी दिने,

२. योजनाका औजार तथा सामाग्रीहरुको उचित प्रयोग र सम्भार गर्ने,

३. योजनाको मुहान देखि धारासम्म नियमित रुपमा निरीक्षण गर्ने,

४. योजनाको सञ्चालन अवस्था अनुगमनमा नियमित रुपमा सहभागी हुने

५. टंकीहरुमा भएका भल्भ र फिटीङ्गहरुको नियमित निरीक्षण गर्ने,

६. साना तिना मर्मत कार्य गर्ने र ठूलो मर्मत गर्नुपर्ने भएमा उपभोक्ताहरुको तथा अन्य वाह्य प्राविधिकहरुको सहयोग समिति मार्फत माग गरी सम्पन्न गर्ने,

७. योजनाका सवै अङ्गहरुको नियमित सरसफाइ गर्ने,

८. महिला धारा समुहहरुलाई आवश्यक सहयोग गर्ने,

९. योजना संभारका लागि समुदायका महिलाहरुलाई उत्प्रेरित गर्ने,

१०. मुहान वरिपरिको रुख विरुवाको संरक्षण र वृक्षारोपणका लागि समिति र गाउँलेहरुलाई उत्प्रेरित गर्ने,

११. मर्मत सम्भार कार्य योजना अनुसार आफ्नो जिम्मेवारी पूर्ण रुपमा निर्वाह गर्ने र समुदायका सदस्यहरुलाई गर्न उत्प्रेरित गर्ने,

१२. चर्पी निर्माण, प्रयोग र संभारका लागि गाउँलेहरुलाई सचेत गराउने,

१३. खासगरि वर्षा याममा मुहानको रेखदेख र सरसफाई बढि गर्ने,

१४. योजनाको आत्मनिर्भर र दिगो सञ्चालनका लागि समितिको सल्लाह वमोजिम आवश्यक अन्य कार्यहरु गर्ने,

१५. समितिको परामर्शमा "खानेपानी सुरक्षा योजना" कार्यान्वयन गर्नमा अगुवाई गर्ने,

१६. धारावाट खेर गएको पानीलाई करेसावारीमा उपयोग गर्न समुदायलाई सल्लाह दिने,

२८. समितिले सार्वजनिक धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा समितिले पानी शुल्क वापत प्रति घर रु.................. मासिक रुपमा उठाउनेछ ।

२९. निजी धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा मिटर जडान गर्नुपर्नेछ । सो प्रकारको योजनामा कम्तिमा निम्नानुसार पानी शुल्क लाग्नेछ ।

क. १० युनिट (१० हजार लिटर) सम्मको रु ..........
ख. १० युनिट भन्दा माथि प्रति युनिटको पानी शुल्क निम्नानुसार लाग्नेछ ।

- १० युनिट सम्म प्रति युनिट रु .......
- ११ देखि १५ युनिट सम्म प्रति युनिट रु .......
- १६ देखि २० युनिट सम्म प्रति युनिट रु .......
- २१ देखि २५ युनिट सम्म प्रति युनिट रु .......
- २६ युनिट भन्दा माथि प्रति युनिट रु .......

ग. निजि धारा प्रणालीमा सार्बजनिक धारा भएमा पनि मिटर जडान अनिबार्य हुनेछ र पानी उपभोग गर्ने घरधुरीहरुले दामासाहिबाट शुल्क उठाउनु पर्नेछ ।

३०. प्रत्येक उपभोक्ताहरुको लागि समितिले पानी महसुल कार्डको व्यवस्था गर्नेछ । शुरुमा पानी महसुल कार्ड लिनको लागि उपभोक्ताहरुले रु ......... तिर्नेछ र हराएमा अर्को कार्ड लिन रु .......... तिर्नु पर्नेछ ।

३१. उपभोक्ताहरुले पानी शुल्क वापतको रकम हरेक महिनाको ......... गते (अर्को महिनाको पहिलो हप्ता भित्र) भित्र जम्मा गर्नेछन् । उक्त मिति भित्र पानी शुल्क नवुझाउनेलाई प्रति दिन रु. ........... का दरले विलम्ब शुल्क लाग्नेछ । अग्रीम रुपमा पानी शुल्क बुझाउनेलाई समितिले ....... % छुट दिईनेछ ।

३२. सञ्चालन तथा मर्मत सम्भार कोष बृद्धि गर्न समिति परिच्छेद २ को दफा ४ बमोजिम सहकारीमा आबद्ध भई खाता खोल्नेछ । समितिले योजनाको नियमित तथा आपतकालीन मर्मत कार्यको लागि न्यूनतम रु. .......... सहकारीमा मौज्दात राख्ने गरी बाँकी सबै पूँजी सहकारी मार्फत नियमानुसारको ब्याज दरमा लगानी गर्ने छ ।

३३. सञ्चालन तथा मर्मत सम्भार कोषको अभिवृद्धि गर्नको लागि समितिले विभिन्न अवसरहरुमा देउसी, भैलो, होली, देउडा, सांस्कृतिक कार्यक्रम लगायतका रचनात्मक कृयाकलापहरुको आयोजना गरेर रकम संकलन गर्नेछ । समितिले योजनामा रहेका औजारहरु भाडामा दिएर, तथा योजनामा अध्ययन भ्रमणको लागि आउने टोलीहरुवाट तोकिएको भ्रमण शुल्क लिएर समेत सञ्चालन तथा मर्मत सम्भार कोषमा जम्मा गर्न सक्नेछ । साथै पानी शुल्क भुक्तानी कार्ड उपभोक्ताहरुलाई बिक्री तथा पुनर्बिक्री, उपभोक्ताहरुबाट संकलित दण्ड जरिवाना, हर्जना आदि वापतको प्राप्त रकम पनि सञ्चालन तथा मर्मत सम्भार कोषको आम्दानी हुनेछ । समितिले प्राप्त गर्ने पुरस्कार तथा अनुदान पनि योजनाको सञ्चालन तथा मर्मत सम्भार कोषको आम्दानी हुनेछ ।

३४. समितिमा रहेको सञ्चालन तथा मर्मत सम्भार कोषले नपुग्ने गरी ठूलो खालको मर्मत गर्नु परेको खण्डमा आमभेलाले निर्णय गरे वमोजिम लाभान्वित घरसंख्याको आधारमा समानुपातिक रुपमा योजनाको मर्मतको लागि योगदान गर्नेछन् ।

३५. समितिले गाउँपालिका स्तरीय योजना सञ्चालन तथा मर्मत सम्भार कोष स्थापनाको लागि गाउँपालिका को योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका अनुसार आवश्यक कार्य गर्नेछ ।

३६. माथि दफाहरुमा जुन सुकै कुरा लेखिएको भएता पनि योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद ४

## सेवा सुधार तथा विस्तार

३७. समिति योजनाको प्राविधिक सिमीतताको वारेमा सचेत रहेको छ । योजनामा थप धाराहरु जडान भएमा तथा उल्लेख्य संख्यामा उपभोक्ताहरु थपिन गएमा योजनाले लक्ष्य अनुसार सेवा प्रदान गर्न नसक्ने कुरालाई ध्यानमा राखि समितिले योजनामा डिजाइन भै निर्माण भएको धारा वाहेक नयाँ धारा थप गर्नेछैन साथै कुनै पनि हालतमा सार्वजनिक धारा व्यवस्थापन भएको योजनावाट नीजि धारा जडान गर्नेछैन ।

३८. नयाँ वसाई सरी आउने वा पहिला योजनामा सहभागि नभई निर्माण सम्पन्न भएपछि सेवा प्राप्त गर्न चाहने घरहरुको लागि समितिले रु. ............... लिई सार्वजनिक धारावाट पानी उपभोग गर्न अनुमति दिन सक्नेछ ।

३९. दफा ३६ मा जेसुकै उल्लेख गरिएको भए पनि योजनाको सुविधा स्तर बृद्धिको लागि सार्वजनिक धारा प्रणालीलाई निजी धारा प्रणालीमा स्तरोन्नती गर्न प्राविधिक तथा सामाजिक दृटिकोणबाट उपयुक्त ठहरिएमा वडा कार्यालयलाई आवश्यक सहयोगको लागि समितिले अनुरोध गर्न सक्नेछ ।

## परिच्छेद ५

## सरसफाइ, स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन तथा घरबारी व्यवस्थापन

४०. समितिले सबै उपभोक्ताहरुको घरमा नेपाल सरकारको 'पूर्ण सरसफाइ मार्गदर्शन २०७३' ले निर्धारण गरेका पूर्ण सरसफाइका सुचकहरु परिपुर्ति हुने खालका कृयाकलापहरु सञ्चालन गरि योजना क्षेत्रलाई  पूर्ण सरसफाइयुक्त क्षेत्र सुनिश्चित गर्नेछ ।

४१. पूर्ण सरसफाइ प्रबर्द्धन तथा महिनावारी स्वच्छता व्यवस्थापन समेतको बाधकको रुपमा रहेको महिनावारी व्यवस्थापनका हानीकारक कुसंस्कार  बिरुद्ध समितिले अभियानहरु सञ्चालन गरी महिनावारी भएको समयमा सुरक्षित स्थानमा बस्ने, पोषणयुक्त खानेकुराहरु खाने, सरसफाइ तथा स्वच्छताका सुविधाहरु एवम् सामाजिक कार्यहरुमा विना भेदभाव सहभागि हुन पाउने अवस्था सुनिश्चित गर्दै योजना क्षेत्रलाई मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र बनाउनेछ ।

४२. दफा ३८ र ३९ मा उल्लेखित लक्ष अनुसारका कृयाकलापहरु सञ्चालनमा आवश्यक सहयोग गर्न महिला धारा समुह, महिला सञ्जाल तथा समुदायमा रहेका अन्य सरोकारवालाहरुको परिचालन एवं नियमित अन्तरक्रिया गर्नेछ ।

४३. समितिले सबै उपभोक्ताहरुलाई घरबारी व्यवस्थापनको लागि अभिप्रेरित गर्नेछ । घरबारी व्यवस्थापन समुह र महिला धारा समुहको अगुवाईमा प्रत्येक घरमा खेर गएको पानी संकलन गर्ने ट्यांकी/खाडल निर्माण गरी घरबारी व्यवस्थापनमा प्रयोग गरेको हुनेछ । सो नगर्ने घरपरिवारलाई समितिले रु .................. प्रति महिनाका दरले जरिवाना लगाउनेछ ।

## परिच्छेद ६

## अनुगमन तथा प्रतिवेदन

४४. समितिले योजनाको सञ्चालन अवस्था पहिचान गर्न  खानेपानी सुरक्षा टोलीलाई तोक्नेछ । खानेपानी सुरक्षा टोलीले योजनाको सञ्चालन अवस्था पहिचान गर्न मुहान देखि धारा सम्म नियमित अनुगमन गर्नेछ ।

४५. दफा ४४ मा उल्लेखित अनुगमन मासिक रुपमा समितिको बैठक बस्नु भन्दा पहिले गर्नेछ । समतिले बैठकमा अनुगनमा देखिएका बिषयवस्तुहरुको बारेमा समिक्षा गर्नेछ र यदि समस्या देखिएमा समाधानका उपयाहरुबारे छलफल तथा निर्णय गर्नेछ ।

४६. समितिको प्रतिवेदन पद्धति परिच्छेद २ दफा १० बमोजिम हुनेछ ।

## परिच्छेद ७

## विविध

४७. **बिशेषाधिकारः** यस कार्यविधिमा भएका नियमहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार आमभेलामा रहनेछ ।

४८. **निर्णय कार्यान्वयनः** समितिले समय समयमा गरेका निर्णयहरुको पालना गर्नु सम्पूर्ण उपभोक्ताहरुको कर्तव्य हुनेछ ।

४९. **निष्कृयताः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्रचलित कानून तथा समितिको विधानसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

५०. **विनियम बनाउनेः** समितिको विधान र यस कार्यविधिको अधिनमा रही समितिले योजनाका कृयाकलापलाई अझ स्पष्ट, पारदर्शी र नियमित गराउन विनियम वनाई लागु गर्न सक्नेछ ।

## अनुसुचि २: खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन अवस्थाको मासिक प्रतिवेदन फाराम

### उपभोक्ता समितिले पेश गर्ने

………………उपभोक्ता समिति, दर्ता नं. ………………………
……वडा नं.………………………………गाउँपालिका,………………जिल्ला
लाभान्वित घरधुरी संख्याः………………………

### खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन अवस्थाको वार्षिक प्रतिवेदन
### (वर्षमा एक पटक पहिलो त्रैमासिक अवधिमा पेश गर्नुपर्ने)

**प्रतिवेदन पेश गरेको आर्थिक वर्षः……………………………** **प्रतिवेदन पेश गरेको मितिः……………………………**

**यस प्रतिवेदनमा पेश गरिएका योजना सम्बन्धी विवरणहरु जस्तैः लाभान्वित जनसंख्या, योजनाको सेवाक्षेत्र विस्तार, संरचनामा गरिएको परिवर्तन तथा उपभोक्ता समितिमा भएका परिवर्तन गाउँपालिकास्तरीय वास सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गरिनेछ ।**

| क्र.सं. | सुचकांक | सुचक | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | **योजनाको सञ्चालन अवस्था** | | | |
| | पूर्ण रुपमा सञ्चालित | छ | | |
| | आंशिक रुपमा सञ्चालित | छ | | |
| | बन्द | छ | | |
| २ | **उपभोक्ता समिति दर्ता तथा नवीकरण** | भएको छ/छैन | | |
| ३ | **उपभोक्ता समितमा पूर्णता** | छ/छैन | | |
| ४ | **उपभोक्ता समिति सञ्जालमा आबद्धता** | भएको छ/छैन | | |
| ५ | **बार्षिक साधारण सभा भएको** | छ/छैन | | |
| ६ | **उपभोक्ता समितिको नियमित बैठक** | | | |
| | नियमित | बस्ने गरेको छ | | |
| | आवश्यकता अनुसार | बस्ने गरेको छ | | |
| | कहिले पनि बस्दैन | √ | | |
| ७ | **मर्मत सम्भार कार्यकर्ताको नियुक्ति तथा परिचालन** | भएको छ/छैन | | |
| ८ | **जगेडा पार्टपुर्जाको व्यवस्थापन** | भएको छ/छैन | | |
| ९ | **खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि तर्जुमा** | भएको छ/छैन | | |
| १० | **खानेपानी सुरक्षा योजनाको कार्यान्वयन** | भएको छ/छैन | | |
| ११ | **सञ्चालन तथा मर्मत सम्भार कार्य योजना तथा खानेपानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन** | | | |
| | दुबै | भएको छ/छैन | | |
| | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना मात्र | भएको छ/छैन | | |
| | खानेपानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन | भएको छ/छैन | | |
| | कुनै पनि नभएको | √ | | |
| १२ | **लेखा व्यवस्थापन तथा दस्तावेजीकरण** | | | |
| | राम्रो | छ | | |
| | मध्यम | छ | | |
| | कमजोर | छ | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | **सहकारीमा संस्थामा आबद्धता** | भएको छ/छैन | | |
| १४ | **नियमित पानी महसुल संकलन** | छ/छैन | | |
| १५ | **सञ्चालन तथा मर्मत सम्भार कोषको अवस्था** | | | |
| | स्थानीय स्तरमा लगानी | रु | | |
| | नगद | रु | | |
| | बैंक | रु | | |
| | सहकारी संस्था | रु | | |
| | जम्मा | रु | | |
| १६ | **परिमाण, पहुँच, बिश्वसनीयता, गुणस्तर मापदण्ड (चिन्ह लगाउनुहोस्)** | | | |
| | योजनाको डिजाइन बमोजिम पानी प्राप्त भइरहेको छ कि छैन ? | छ/छैन | | |
| | योजनाको डिजाइन बमोजिमको समयमा पानी ल्याउन सम्भव भएको छ कि छैन ? | छ/छैन | | |
| | योजनाको डिजाइन भए बमोजिम सबै महिना पानी प्राप्त हुन्छ कि हुँदैन ? | हुन्छ/हुँदैन | | |
| | पानीको कम्तिमा बर्षमा एकपटक गुणस्तर परिक्षण गर्दा प्रदुषण देखिएको छ कि छैन ? | छ/छैन | | |
| १७ | **महिनावारी भएको बेला चर्पीको प्रगोग गर्ने घरधुरी संख्या** | घरधुरी संख्या | | |
| १८ | **महिनावारी भएको बेला धाराको प्रगोग गर्ने घरधुरी संख्या** | घरधुरी संख्या | | |
| १९ | **पूर्ण सरसफाइयुक्त घरधुरी संख्या** | घरधुरी संख्या | | |
| २० | **घरबारी व्यवस्थापन गर्ने घरधुरी संख्या** | घरधुरी संख्या | | |

प्रतिवेदन तयार पार्नेः
..............................
नामः........................
सचिव
मितिः................

प्रमाणित तथा पेश गर्ने
..............................
नामः........................
अध्यक्ष
मितिः................

## अनुसुचि ३: खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन व्यवस्थापन वार्षिक मूल्यांकन फाराम

...........................................गाउँपालिका

...........................................जिल्ला...........................................प्रदेश

### खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन मूल्यांकन फाराम

आ.व.:...............................

योजनाको नाम:........................................ दर्ता नं. ............. लाभान्वित घरधुरी संख्या:..............

ठेगाना :....................................

**योजनाको न्यूनतम ग्राह्यता मापन**

| **योजनाको सञ्चालन अवस्था** | | **अवस्था** | **आधार** |
|---|---|---|---|
| क) | पूर्ण रुपमा सञ्चालित | छ/छैन | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |
| ख) | आंशिक रुपमा सञ्चालित | छ/छैन | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |
| ग) | बन्द | छ/छैन | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |

*बन्द भएको योजनाको थप मूल्याङ्कन गरिने छैन ।*

के योजना थप मूल्याङ्कनका लागि योग्य छ ?.............

| **क्र सं.** | **सुचकांक** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **अंक दिने आधार** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | **योजनाको सञ्चालन अवस्था** | १० | | | |
| | पूर्ण रुपमा सञ्चालित | १० | | | |
| | आंशिक रुपमा सञ्चालित | ५ | | | |
| २ | **उपभोक्ता समिति दर्ता तथा नवीकरण** | ३ | | | |
| ३ | **उपभोक्ता समितिमा पूर्णता** | ३ | | | |
| ४ | **उपभोक्ता समिति सञ्जालमा आबद्धता** | ३ | | | |
| ५ | **बार्षिक साधारण सभा गरिएको** | ३ | | | |
| ६ | **उपभोक्ता समितिको नियमित बैठक** | ५ | | | |
| | नियमित | ५ | | | |
| | आवश्यकता अनुसार | २ | | | |
| | कहिले पनि बस्दैन | ० | | | |
| ७ | **मर्मत सम्भार कार्यकर्ताको नियुक्ति तथा परिचालन** | ५ | | | |
| ८ | **जगेडा पार्टपूर्जा र औजार व्यवस्थापनको पद्धति भएको** | ५ | | | |
| ९ | **सञ्चालन तथा मर्मत सम्भार कार्यविधि तर्जुमा भएको** | ५ | | | |
| १० | **खानेपानी सुरक्षा योजना तर्जुमा भएको** | ५ | | | |
| ११ | **सञ्चालन तथा मर्मत सम्भार कार्य योजना तथा पानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन** | ५ | | | |
| | दुबै | ५ | | | |
| | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना मात्र वार्षिक समिक्षा तथा पुनरावलोकन | २.५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | खानेपानी सुरक्षा योजनाको मात्र वार्षिक समिक्षा तथा पुनरावलोकन | २.५ | | | |
| | कुनै पनि नभएको | ० | | | |
| १२ | **लेखा व्यवस्थापन तथा दस्तावेजीकरण** | ५ | | | |
| | राम्रो | ५ | | | |
| | मध्यम | २ | | | |
| | कमजोर | ० | | | |
| १३ | **सहकारीमा संस्थामा आवद्धता** | ५ | | | |
| १४ | **नियमित पानी शुल्क संकलन भएको** | ५ | | | |
| १५ | **कृयाशील सञ्चालन तथा मर्मत सम्भार कोषको अवस्था** | ५ | | | |
| | स्थानीय स्तरमा लगानी | ५ | | | |
| | नगद | ० | | | |
| | बैक | २ | | | |
| | सहकारी संस्था | ५ | | | |
| १६ | **परिमाण, पहुँच, बिश्वसनीयता, गुणस्तर** | ८ | | | |
| | परिमाण (प्रति व्यक्ति प्रति दिन ४५ लिटर पानी) | २ | | | |
| | पहुँच (पानी ल्याउन आउदा जाँदा लाग्ने समय १५ मिनेट) | २ | | | |
| | बिश्वसनीयता (वर्ष भरि धारामा पानी आईरहने) | २ | | | |
| | गुणस्तर (पानीमा जैविक प्रदुषण नभएको) | २ | | | |
| १७ | **महिनावारी भएको बेला चर्पीको प्रगोग** | ५ | | | |
| | सबै घरधुरीले गर्दछन् | ५ | | | |
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गर्दछन् | ३ | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गर्दछन् | १ | | | |
| | कुनै पनि घरधुरीले गर्दैनन् | ० | | | |
| १८ | **महिनावारी भएको बेला धाराको प्रगोग** | ५ | | | |
| | सबै घरधुरीले गर्दछन् | ५ | | | |
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गर्दछन् | ३ | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गर्दछन् | १ | | | |
| | कुनै पनि घरधुरीले गर्दैनन् | ० | | | |
| १९ | **पूर्ण सरसफाइ व्यवस्थापन (सबै सुचकहरु पुरा भएको)** | ५ | | | |
| | सबै घरधुरीले गरेको | ५ | | | |
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गरेको | ३ | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गरेको | १ | | | |
| | कुनै पनि घरधुरीले नगरेको | ० | | | |
| २० | **घरबारी व्यवस्थापन** | ५ | | | |
| | सबै घरधुरीले गरेको | ५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गरेको | ३ | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गरेको | १ | | | |
| | कुनै पनि घरधुरीले नगरेको | ० | | | |
| **जम्मा** | | १०० | | | |

मूल्याङ्कन समितिका सदस्यहरुको हस्ताक्षर, नाम, पद, कार्यालय र मिति

१

२

३

मितिः

**आज्ञाले**
**अमर वहादुर रोकाया**
**नि. प्रमुख प्रशासकीय अधिकृत**